श्री विशेष अदालत, काठमाण्डौ
सदस्य माननीय श्री नारायणप्रसाद पौडेल
सदस्य माननीय श्री हेमन्त रावल
सदस्य माननीय श्री डिल्लीरत्न श्रेष्ठ
इजलास नं.२

आदेश

मुद्दा नं. ०८२-CR-०१५४
निवेदन नं. ०८३-OA-०२१६

नेपाल सरकार---------------------------------------------------------------------------------------------वादी

विरुद्ध

सुमेर शमशेर ज.ब.रा.------------------------------------------------------------------------------प्रतिवादी

निवेदन नं. ०८३-OA-०२१७

दिपक कुमार श्रेष्ठ-------------------------------------------------------------------------------------प्रतिवादी

निवेदन नं. ०८३-OA-०२१८

अमित मोर------------------------------------------------------------------------------------------प्रतिवादी

निवेदन नं. ०८३-OA-०२१९

राजिव मोर-----------------------------------------------------------------------------------------प्रतिवादी

मुद्दाः भ्रष्टाचार (सम्पत्ति शुद्धीकरण)।

आरोपपत्रसाथ उपस्थित गराईएका प्रतिवादीहरु सुमेर शमशेर ज.ब.रा, दिपक कुमार श्रेष्ठ, अमिंत मोर र राजिव मोरको बयान कार्य सम्पन्न भई मिसिल कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री भिमसेन काफ्ले र विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा तथा प्रतिवादी सुमेर शमशेर ज.ब.रा.को तर्फवाट विद्वान वरिष्ठ अधिवक्ता श्री लव कुमार मैनाली र विद्वान अधिवक्ता श्री सुमित पाण्डे, प्रतिवादी दिपक कुमार श्रेष्ठको तर्फबाट विद्वान अधिवक्ताहरु श्री शार्दुल थापा, श्री युवराज बन्जाडे र श्री सोनु रघुबंश तथा प्रतिवादीहरु अमित मोर र राजिव मोरको तर्फबाट विद्वान् अधिवक्ताहरु श्री रमण कुमार कर्ण र श्री समिर शर्माले गर्नुभएको बहससमेत सुनियो।

**प्रतिवादीहरु अमित मोर, राजिव मोर र दिपक कुमार श्रेष्ठ** समेतका हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेड समेतका बीमकको खाताबाट ब्रोकर नं. ५५ मा जम्मा रकम धितोपत्र सम्बन्धी कसूरबाट प्राप्त भएको आवरणमा यी प्रतिवादीहरु समेतले अर्का प्रतिवादीहरु दीपक भट्ट र शुलभ अग्रवाल समेतको लाभका लागि आफ्नै संस्थाको कोषको रकम दुरुपयोग गरी बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसूर गरी प्राप्त सम्पत्तिको

गैरकानूनी स्रोत लुकाउने, छल्ने, कसूरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत र अधिकार एवं स्वामित्व लुकाउन त्यस्तो रकम प्राप्ति, धारण र प्रयोग समेत गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा-३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग)ले निषेधित कार्यहरु गरी सम्पत्ति शुद्धीकरणको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनका साथै निज प्रतिवादीहरूले कसूरबाट प्राप्त सम्पत्ति ऐ. दफा ३४ (२) बमोजिम प्रतिवादीहरू अमित मोर र राजिव मोरको हकमा बिगो रकम रु.२,७३,३३,१५,१६०।०३ र प्रतिवादी दिपक कुमार श्रेष्ठको हकमा बिगो रकम रु.६,०४,३४,०२,२५७।-जफत हुन मागदावी लिनुका साथै, अर्का प्रतिवादी सुमेर शमशेर ज.ब.रा.लाई सोही कसूरमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनुका साथै निज प्रतिवादीलाई ऐ. उपदफा (७) बमोजिमको थप सजाय हुन र निजलाई रु.१,२७,४१,८६,८६७।९६ रकम बिगो कायम गरी ऐ. दफा ३४क. बमोजिम उक्त रकम सम्बन्धित कम्पनीलाई भराई दिन समेत मागदावी लिई प्रस्तुत आरोपपत्र दायर भएको देखिन आयो।

उल्लिखित बेहोराको आरोपदाबी रहेको प्रस्तुत मुद्दाका प्रतिवादी सुमेर शमशेर ज.ब.रा.ले अनुसन्धानको क्रममा र आज यस अदालतमा बयान गर्दा, म हिमालयन इन्भेष्टमेन्ट बैंकरको सामान्य लाए अहाएको काम गर्ने कर्मचारी मात्र हुँ। अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी संस्थाको रकम हिनामिना गरेको होइन। मैले हिमालयन लार्ज क्याप फन्डको रकम ब्रोकर नं. ५५ लाई कुनै पनि व्यक्ति वा संस्थाको लागि शेयर खरिद गर्न दिएको होइन। मैले कुनै व्यक्तिगत लाभ समेत लिएको छैन। प्रस्तुत अभियोगदावी बमोजिम मलाई सजाय हुनुपर्ने होईन भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

प्रतिवादी दिपक कुमार श्रेष्ठले अनुसन्धानको क्रममा र आज यस अदालतमा बयान गर्दा, म हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडकको कार्यकारी निर्देशक तथा लगानी समितिको सदस्य हुँ। लगानी समितिको सामुहिक निर्णयबाट शेयर खरिदको लागि ब्रोकर नं.५५ मा रकम पठाईएको हो। सो लगानीलाई बोर्डले पनि समर्थन गरेको छ। हिमालयन सेक्यूरिटिज बैंकर लि. हिमालयन रिइन्स्योरेन्सको सहायक कम्पनी भएको कारणले कर्मचारीको हैसियतमा बोर्डले खटाएबमोजिम चेकमा काउन्टर साइन मात्र गरेको हो। उक्त हिमालयन सेक्युरिटिज बैंकर लि.को चेकमा सोही कम्पनीको प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकले चेकमा दस्तखत गरेपछीमात्र मैले गर्ने हो। उक्त चेक कारोबारमा मेरो काउन्टर हस्ताक्षर भएकोले दैनिक कार्यमा उत्तरदायी हुनुपर्ने होइन। हिमालयन सेक्युरिटिज कम्पनीमा मेरो र परिवारको कुनै लगानी छैन। म डिभिडेण्ड होल्डर पनि होइन भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

प्रतिवादी अमित मोरले अनुसन्धानको क्रममा र आज यस अदालतमा बयान गर्दा, दीपक भट्ट वा अन्य कोही कसैको नाममा नेपाल रिइन्स्योरेन्सको शेयर खरिद गर्ने प्रयोजनका निमित्त

मैले कुनै रकम पठाएको वा सो गर्न निर्देशन दिएको होइन। अभियोगपत्र साथको प्रमाण कागजातबाट पनि त्यो स्थापित हुँदैन। हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडबाट दिइएको एड्भान्स रकम दीपक भट्टसमेतको कारोबारको राफसाफको निमित्त प्रयोग गर्न कुनै आदेश निर्देशन म लगायतको सञ्चालक समितिबाट दिएको छैन। उक्त रकम अन्य व्यक्तिको नाउँमा नेपाल रिको शेयर खरिदमा प्रयोग गर्न, शेयरको मूल्यमा उतारचढाव ल्याउने एवं कृतिम मूल्य वृद्धि गर्ने वा गैरकानूनी लाभ लिने लगायतको प्रयोजनका लागि दिइएको होइन भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

त्यसैगरी, प्रतिवादी राजिव मोरले अनुसन्धानको क्रममा र आज यस अदालतमा बयान गर्दा, मेरो कुनै छुट्टै विशेषाधिकार थिएन। सञ्चालक समितिको तर्फबाट हुने निर्णय सामुहिक रुपमा हुने गर्दथ्यो। कम्पनीको तर्फबाट हुने लगानीको निर्णय कम्पनी सञ्चालक समितिबाट नहुने तथा दैनिक र नियमित रुपमा भईरहने कार्यहरु सचालक समितिलाई जानकारी हुँदैन। दैनिक कार्यमा सञ्चालक समितिले हस्ताक्षेप हुन नपर्ने भएकोले उक्त हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको तर्फबाट कुन ब्रोकरमा कति रकम कुन प्रयोजनको लागि गयो भन्ने विषयमा पनि मलाई सञ्चालक समितिको सदस्यको हैसियतले जानकारी थिएन। यो विषय कम्पनीको तर्फबाट लगानी समितले हेर्ने विषय हो। कम्पनीको विभिन्न उपसमितिहरुले गरेको कार्यको एकमुष्ट रुपमा अनुमोदनसम्म मात्र सञ्चालक समितिले गरेको हो भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

**अब, प्रतिवादी अमित मोरको हकमा के, कसरी मुद्दा पुर्पक्ष गर्ने भन्ने सम्बन्धमा विचार गर्दा,** यी प्रतिवादी हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक सदस्य रहेको अवस्थामा भृकुटी स्टक ब्रोकिङ प्रा.लि.(ब्रोकर नं.५५) ले विभिन्न मितिमा पत्र लेखि माग गरे अनुसार हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडबाट पटक पटक गरी उक्त ब्रोकर कम्पनीलाई उपलब्ध गराईएको रु.२,७३,३३,१५,१६०।०५ बराबरको रकमबाट हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको नाममा शेरयर खरिद भएको भन्ने देखिएन। उक्त रकम हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडमा फिर्ता आएको भन्ने पनि देखिँदैन। हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडमा सह-प्रतिवादी दिपक भट्टको शत प्रतिशत शेयर रहेको इन्फिनिटी होल्डिङ प्रा.लि.को समेत शेयर रहेको देखिन्छ। भृकुटी स्टक ब्रोकिङ प्रा.लि.(ब्रोकर नं.५५) मा रहेको उक्त रकम दीपक भट्टको नाममा नेपाल रिइन्स्योरेन्स कम्पनीको शेयर खरिद गर्न प्रयोग भएको देखिन्छ।

हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडले आफुले खरिद गर्न पाउने सीमा भन्दा बढी रकमको शेयर खरिद गर्न भनी भृकुटी स्टक ब्रोकिङ प्रा.लि.(ब्रोकर नं.५५) मा रकम दाखिला गरेको भन्ने देखिएको र उक्त लगानीलाई प्रतिवादी समेत सदस्य रहेको सञ्चालक समितिले समर्थन गरेको देखिन्छ। साथै, यी प्रतिवादीले हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेड समेतको खाता रहेको ब्रोकर नं. ५५ मा जम्मा भएको रकम मध्येबाट रु.१२,०६,२५,०००।- लिएकोमा विवाद देखिँदैन। सो रकम सह-प्रतिवादी ऋषिराज मोरलाई ऋण दिए वापत लिएको भने तापनि ऋषिराज

मोरलाई ऋण दिएको देखिने तथ्यगत प्रमाण पेश गरेको देखिएन। उल्लेखित तत्काल प्राप्त प्रमाण एवं यी प्रतिवादीको पदीय जिम्मेवारी, भूमिका समेतलाई दृष्टिगत गर्दा प्रतिवादी अमित मोरको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ङ) को अवस्थाको विद्यमानता रहेको देखियो। तसर्थ, पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निजलाई पुर्पक्षका लागि थुनामा राख्न सम्बन्धीत कारागार कार्यालयमा लेखि पठाउनू।

**प्रतिवादी राजिव मोरको हकमा के, कसरी मुद्दा पुर्पक्ष गर्ने भन्ने सम्बन्धमा विचार गर्दा,** यी प्रतिवादी हिमालयन रिइन्स्युरेन्स कम्पनी लिमिटेडको सञ्चालक सदस्य रहेको अवस्थामा भृकुटी स्टक ब्रोकिङ प्रा.लि.(ब्रोकर नं.५५) लाई उपलब्ध गराईएको रु.२,७३,३३,१५,१६०।०५ बराबरको रकमबाट हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको नाममा शेयर खरिद भएको भन्ने देखिएन। उक्त रकम हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडमा फिर्ता आएको भन्ने पनि देखिदैन। हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडले आफुले खरिद गर्न पाउने सीमा भन्दा बढी रकमको शेयर खरिद गर्न भनी भृकुटी स्टक ब्रोकिङ प्रा.लि.(ब्रोकर नं.५५) मा रु.२,७३,३३,१५,१६०।०५ रकम दाखिला गरेको भन्ने देखिएको र उक्त लगानीलाई प्रतिवादी समेत सदस्य, सञ्चालक समितिले समर्थन गरेको देखिएको समेतका तत्काल प्राप्त प्रमाणहरुलाई दृष्टिगत गर्दा प्रतिवादी राजिव मोरको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्थाको विद्यमानता रहेको देखियो।

**तसर्थ,** पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी राजिव मोरको पदीय हैसियत र भूमिका समेतलाई दृष्टिगत गरी यी प्रतिवादीबाट नगद धरौटी रु.१,००,००,०००।- (अक्षरुपी एक करोड रुपैयाँ) वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू। उल्लिखित माग गरिएको धरौटी रकम वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनूवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

**त्यसैगरी, अर्का प्रतिवादी दिपक कुमार श्रेष्ठको हकमा के, कसरी मुद्दा पुर्पक्ष गर्ने भन्ने सम्बन्धमा विचार गर्दा,** निज प्रतिवादी हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको कार्यकारी निर्देशक पदमा रही सो कम्पनीको लगानी समितिको सदस्य समेत रहेको देखिन्छ। माथि विवेचना भए बमोजिम यी प्रतिवादी उक्त कम्पनीबाट ब्रोकर नं. ५५ को खातामा रु.२,७३,३३,१५,१६०।०५ रकम पठाउने निर्णयमा संलग्न रहेको देखिएको समेतका तत्काल प्राप्त प्रमाणलाई दृष्टिगत गर्दा निज प्रतिवादी दिपक कुमार श्रेष्ठको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्थाको विद्यमानता रहेको देखियो।

**तसर्थ,** पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी दिपक कुमार श्रेष्ठको पदीय हैसियत र भूमिका समेतलाई दृष्टिगत गरी यी प्रतिवादीबाट नगद धरौटी रु.५०,००,०००।- (अक्षरुपी पचास लाख रुपैयाँ) वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू। उल्लिखित माग गरिएको धरौटी रकम वा बैंक जमानत

नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनूवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

प्रतिवादी मध्येका सुमेर शमशेर ज.ब.रा.को हकमा के, कसरी मुद्दा पुर्पक्ष गर्ने भन्ने सम्बन्धमा विचार गर्दा, निज प्रतिवादी Himalayan large cap fund को fund manager र हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. को प्रमुख कार्यकारी अधिकृत पदमा रहेको र सो large cap fund को रकम लगानी तथा व्यवस्थापन गर्ने एकल जिम्मेवारी निज प्रतिवादीमा रहेको देखियो। सो कोषको रकम रु. २५,१४,८४,७४८।८६ निजको निर्णयबाट ब्रोकर नं. ५५ को खातामा अग्रिम भुक्तानी भएको देखिएकोमा सो बराबरको शेयर खरिद भएको वा सो पुरै रकम उक्त कोषमा फिर्ता भएको भन्ने देखिँदैन। साथै ब्रोकर नं. ५५ को खातामा जम्मा भएका रकमबाट अन्य व्यक्तिहरुका नाममा खरिद भएको शेयरको रकम राफसाफ गर्नमा प्रयोग भएको भन्ने अभियोग मागदावी रहेको देखिन्छ। उल्लेखित तत्काल प्राप्त आधार प्रमाणलाई दृष्टिगत गर्दा निजको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्थाको विद्यमानता रहेको देखियो।

तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी सुमेर शमशेर ज.ब.रा.को पदीय हैसियत र भूमिका समेतलाई दृष्टिगत गरी यी प्रतिवादीबाट नगद धरौटी रु.२५,००,०००।- (अक्षरुपी पच्चिस लाख रुपैयाँ) वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू। उल्लिखित माग गरिएको धरौटी रकम वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनूवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

सदस्य

सदस्य

आदेश सुनी सही गर्ने प्रतिवादीहरु:

सुमेर शमशेर ज.ब.रा.

दिपक कुमार श्रेष्ठ

अमित मोर

राजिव मोर

................।

## प्रतिवादी अमित मोरको हकमा माननीय सदस्य हेमन्त रावलको फरक राय

आज बयानका लागि उपस्थित भएका प्रतिवादीहरु सुमेर शमशेर ज.ब.रा. दिपक कुमार श्रेष्ठ र राजिव मोरको हकमा इजलासबाट धरौटी माग गर्ने गरी भएको आदेशमा सहमत भए पनि अर्का प्रतिवादी अमित मोरको हकमा बहुमत माननीय सदस्यहरुको रायमा सहमत हुन नसकी विशेष अदालत ऐन २०५९ को दफा ६ (३) बमोजिम देहाय बमोजिमको फरक राय व्यक्त गरेको छु।

यी प्रतिवादी अमित मोर हिमालयन रि इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्य रहेको, उक्त कम्पनीले धितोपत्र बजारमा शेयर खरिद बिक्रीका लागि भृकुटी स्टक ब्रोकिङ प्रा.लि.दलाल नं. ५५ मा रकम लगानी गर्न कम्पनीको लगानि समितिले गरेको निर्णयलाई यी प्रतिवादीसमेतको सञ्चालक समितिले अनुमोदन गरेको र सो अनुमोदन गर्ने निर्णयमा समान रुपले सहभागि अन्य सञ्चालक समितिका अध्यक्ष तथा सदस्य रहेका प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्येका शेखर गोल्छा शुभेच्छा खरेल राजिव मोरसमेतका प्रतिवादीहरुलाई यस अदालतको विभिन्न मितिको आदेशले हाल पुर्पक्षका लागि धरौटी तारेखमा रहेका र सोही भूमिकामा रहेका अर्का प्रतिवादी रोहित गुसालाई थुनामा राख्ने गरी यस अदालतबाट भएको मिति २०८३।०४।२८ गतेको आदेश सम्मानीत सर्वोच्च अदालतको मिति २०८३।५।१७ गतेको आदेशले बदर भई निजलाई समेत धरौटी तारेखमा राख्नेगरी आदेश भएको परिप्रेक्ष्यमा निज प्रतिवादीहरु सरह समान हैसियत र जिम्मेवारीमा रहेका यी प्रतिवादी अमित मोरको खातामा भृकुटी स्टक ब्रोकिङ प्रा.ली.को खाताबाट १२ करोड आएको देखिएको र सो रकम निजका भतिज नाताका अर्का प्रतिवादी ऋषिराम मोरका लागि शेयर खरिद गर्न सापटी स्वरुप ब्रोकर नं. ५५ मा दाखिल गरेको र सोही सापटी वापतको रकम आफुले ब्रोकर नं. ५५ बाट प्राप्त गरेको हो भनी अनुसन्धानका क्रममा र अदालत समक्षको बयानमा जिकिर लिएको अवस्थामा सो रकम के वापतको हो? भनी ब्रोकर नं. ५५ ले नखुलाउदैको अवस्था र सो १२ करोड रुपैयाको स्रोत अवैध हो भनी आरोपदावी समेत नरहेको अवस्थामा सोही १२ करोड रुपैया यी प्रतिवादीको खातामा जम्मा भएको भन्ने आधारमा मात्र यी प्रतिवादी अमित मोरलाई मुद्दा पुर्पक्षका लागि विशेष अदालत ऐन, २०५९ को दफा ७ (ङ) बमोजिम थुनामा राख्ने भन्ने इजालासका बहुमत माननीय सदस्यहरुको रायसंग सहमत हुन नसकी विशेष अदालत ऐन २०५९ को दफा ६ (३) बमोजिम यो फरक राय व्यक्त गरेको छु।

अत: अब यी प्रतिवादी अमित मोरलाई मिसिल संलग्न तत्काल प्राप्त प्रमाण, यी प्रतिवादी र अन्य प्रतिवादीहरुको मिसिल संलग्न बयान, निजको पदिय जिम्मेवारी र भूमिका तथा यस प्रकारको आर्थिक कसूरमा यी प्रतिवादी समेतको सामुहिक संलग्नताको तह हेर्दा निजको हकमा विशेष अदालत ऐन २०५९ को दफा ७ (घ) को अवस्था विद्यमान देखिदा निज प्रतिवादी अमित मोरबाट नगद रु.१,००,०००,००।-(अक्षरुपी एक करोड रुपैया) वा सो रकम बराबरको बैंक जमानत लिई तारेखमा राख्नू।

हेमन्त रावल
सदस्य

इति संवत् २०८३ साल भाद्र महिना १८ गते रोज ५ शुभम्..............................।